घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको छैठौं बैठकको निर्णयहरु

मिति २०७९/०[illegible]

निर्णय नं. १ :-

मिति २०७९।३।३१ गते बसेको कार्यपालिकाको पाँचौं बैठकमा भएको निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

निर्णय नं. २ :-

यस गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०७७।७८ को वार्षिक अन्तिम मलेप प्रतिवेदन प्राप्त भएको हुँदा उक्त प्रतिवेदनमा रहेका मुख्य मुख्य व्यहोरा कार्यपालिकालाई जानकारी भयो उक्त प्रतिवेदनमा औंल्याइएका असुलउपर गर्नु पर्ने वेरुजु फछ्यौंटको लागि सम्बन्धित व्यक्ति/उपभोक्ता समिति वा निर्माण कम्पनीहरुलाई पत्राचार गर्ने र मलेप प्रतिवेदन जानकारीको लागि यस कार्यालयको वेवसाईटमा राख्ने निर्णय गरियो ।

निर्णय नं. ३ :-

नेपाल सरकारले चालु आ.ब. २०७९।८० को श्रावण महिना देखि लागु हुने गरी बढाएको निजामती कर्मचारीको तलब भत्ता बमोजिम यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी तथा करारका (पारिश्रमिक तोकिएको बाहेकका) कर्मचारीहरुको तलब भत्ता सोही बमोजिम कायम गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ :-

संघीय सरकारबाट अनुदान प्राप्त तपसिलका योजनाहरुको निम्न बमोजिम योजना स्थल तोक्ने निर्णय गरियो ।

तपसिल :-

१) फोहोर मैला व्यवस्थापनको लागि ल्याडफिल्ड साईट तथा फोहोर प्रशोधन केन्द्र स्थापना गर्नका लागि यस घरपझोङ गाउँपालिका ४ नं. वडाको जोमसोम-कोरल्ला हाईवेको पुच्छार भन्ने ठाउँ वा सशस्त्र प्रहरी गुल्मको माथिल्लो पट्टीको खाली ठाउँमा उपयुक्तताको आधारमा फोहर प्रशोधन केन्द्र स्थापना गर्नका लागि ठाउँ तोक्ने ।

२) ग्रेडिङ्ग मेसिन सहितको कोल्डस्टोर निर्माण योजनाको लागि यस घरपझोङ गाउँपालिका ४ नं. वडामा निर्माण भएको कृषि चिस्यान केन्द्रको खाली भवनमा कोल्डस्टोर निर्माण गर्ने ।

साथै उल्लेखित योजनाहरुको कन्टिजेन्सी रकमबाट योजनाहरुको विस्तृत योजना प्रतिवेदन तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

निर्णय नं. ५ :-

यस गाउँ कार्यपालिकाको कार्यालयमा गत आ.व. देखि कार्यालयको आवश्यकता अनुसार गाउँ सभाले निर्णय गरी खुला प्रतिस्प्रधाको आधारमानै एक जना कृषि अधिकृत करारमा पदपूर्ति भएकोमा चालु आ.व. को कृषि तर्फको सशर्त बजेटमा एक जना कृषि (स्नातक) को करारका लागि बजेट विनियोजन भएको र गाउँपालिकाको अन्तरिक आय न्यून भएको अवस्थालाई समेत मध्यनजर गरी साथै निजको नियुक्ति स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ ले व्यवस्था गरे बमोजिम खुला प्रतिस्प्रधाको आधारमानै गरिएको हुँदा हाल कार्यरत कृषि अधिकृतको दरबन्दीलाई समायोजन गरी निजको सेवा सुविधाहरु सोही बजेट शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६ :-

चालु आ.ब. २०७९।८० को बार्षिक स्वीकृत सशर्त कार्यक्रममा एक पालिका एक भेटेरिनरी डाक्टर व्यवस्थापन गर्नको लागि बजेट विनियोजन भएकोले भेटेरिनरी डक्टरको अस्थायी पद सिर्जना गरी करारको माध्यबाट पदपूर्तिको प्रकृया अघी बढाउने निर्णय गरियो ।

निर्णय नं. ७ :-

यस गाउँपालिकालाई आवश्यक पर्ने कानूनहरु निर्माणको प्रस्ताव तयार गर्नका लागि तपसिल बमोजिमको कानून तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) श्री जमुना थापा मगर, गाउँपालिका उपाध्यक्ष | : संयोजक |
| २) श्री फलेन्द्र प्रसाद थकाली, ३ नं. वडा अध्यक्ष | : सदस्य |
| ३) श्री राजु प्रसाद लालचन, गाउँ कार्यपालिका सदस्य | : सदस्य |
| ४) श्री भिषण थकाली, गाउँ कार्यपालिका सदस्य | : सदस्य |
| ५) श्री मणि सिरपाली, गाउँ कार्यपालिका सदस्य | : सदस्य |
| ६) प्रमुख प्रशासकीय अधिकृत | : सदस्य |
| ७) सम्बन्धित शाखा प्रमुख | : सदस्य सचिव |

निर्णय नं. ८ :-

साविक स्थानीय निकाय (जिल्ला विकास समितिको कार्यालय, मुस्ताङ) को पदमा स्थायी नियुक्ति पाई विगत लामो समय सम्म एकै तहको पदमा कार्यरत रही स्थानीय तह गठन पश्चात, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम एक तह बृद्धिको सुविधा समेत प्राप्त नगरेका यस घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङमा समायोजन भई कामकाज गर्दै आएका कर्मचारीहरुको तह बृद्धि गर्ने सम्बन्धमा बनेको मापदण्ड, २०७९ लाई राय सुझावका लागि प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश, पोखरामा पठाउने निर्णय गरियो ।

निर्णय नं. ९ :-

चालु आ.ब. २०७९/८० मा नवीकरणीय ऊर्जा प्रविधि तर्फ यस गाउँपालिकालाई प्राप्त भएको क
रु.१०,००,०००।- बाट घरायसी सोलार विद्युत प्रणाली जडान गर्ने निर्णय गरियो । विगतका सो
विद्युत प्रणाली वितरण कार्यक्रमबाट सुविधा नपाएका घरधुरीहरुको विवरण वडाहरुबाट संकलन ग
प्राथमिकताको आधारमा वितरण गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. १० :-

गाउँपालिकाको तपसिल बमोजिमको विगत आ.व. देखि सञ्चालनमा रहेका योजनाहरुको म्याद य
२०७९ असार मसान्तमा समाप्त भएको र उक्त योजनाहरुको काम सम्पन्न हुन केही समय ला
देखिएकोले तपसिलका योजनाहरुको म्याद निम्न बमोजिम थप गर्ने निर्णय गरियो ।

तपसिल :-

| | | |
|---|---|---|
| १ | थकाली संग्राहलय भवन निर्माण योजना, घरपझोङ-५ | : २०७९ कार्तिक मसान्त सम्म |
| २ | मिनि मुस्ताङ पार्कको कम्पाउण्डवाल निर्माण, घरपझोङ-४ | : २०७९ कार्तिक मसान्त सम्म |

निर्णय नं. ११ :-

यस गाउँपालिकाले निर्माण गरेको घरपझोङ गा.पा. ३ नं. वडाको एक्लेभट्टीमा रहेको बसपार्क
व्यवस्थापनको जिम्मा भाडामा लिने गरी मुस्ताङ मुक्तिनाथ यातायात प्रा.लि.ले निवेदन पेश गरेक
उक्त यातायात प्रा.लि. सँग बसपार्क व्यस्थापन सम्बन्धमा आवश्यक छलफल गरी अगामी बैठक
निर्णय लिने ।

निर्णय नं. १२ :-

चालु आ.ब. को फोहर मैला व्यवस्थापन शिर्षकमा विनियोजन भएको रु.२,५०,०००।- बजेटबाट ग
कार्यपालिकाको कार्यालयबाट तपसिल बमोजिम गर्ने निर्णय गरियो । सो सम्बन्धमा सम्बन्ि
वडाहरुले आवश्यक विवरण तयार गरी पठाउने ।

तपसिल :-

१) फोहर व्यवस्थापन सम्बन्धी सूचनामुलक होर्डिङ बोर्ड निर्माण गरी विभिन्न ठाउँमा राख्ने ।
२) फोहर नगर्ने सम्बन्धी जनचेतनामूलक सूचनाको बोर्ड बस तथा जीप पार्क नजिक राख्ने ।
३) बढी फोहर हुने स्थानमा मेटलको डस्टबिनहरु राख्ने

निर्णय नं. १३ :-

निर्माणाधिन गाउँ कार्यपालिकाको कार्यालयको प्रशासकीय भवनमा लिफ्ट राख्ने स्थानमा सिि
कामको लागि नपुग हुने रकम रु.१०,००,०००।- सम्पूरक कोषबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ :-

चालु आ.व. २०७९।८० को बार्षिक योजना तथा कार्यक्रमहरुको पेश भएको बार्षिक खरिद य
योजना, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ :-

यस घरपझोङ गाउँपालिकामा हुन सक्ने विपद्का घटनाहरु बारे जनचेतना, विपद् सम्बन्धमा स्थानि जनशक्तिलाई तालिम सञ्चालन गर्ने लगायत विपद् व्यवस्थापनमा विभिन्न प्रकारमा प्राविधि व्यवस्थापनमा सहयोग उपलब्ध गराउन सकिने भनी दिगो तथा उत्थानशील समाजका लागि हिमा पहलले मिति २०७९।४।२४ गते यस कार्यालयमा निवेदन पेश गरेको हुँदा विपद् व्यवस्था लगायतका कृयाकलापमा उक्त संस्थाको सहयोग आवश्यक देखिएको खण्डमा परिचालनको ला स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ :-

Sustainable Tourism for Livelihood Recovery Project (STLRP) को पर्यटकीय क्षेत्रहर सहलगानीमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी मिति २०७९।४।२३ को पत्रका सम्बन्धमा पदम प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुमा फोहोर व्यवस्थापन प्रणाली निर्माण गर्ने सम्बन्धमा बजेटको परि भित्र रही विभिन्न स्थानमा फोहोर मैला प्रशोधन मेसिन स्थापना गर्ने निर्णय गरियो । साथै उ कार्यक्रमको सहलगानीको ५०% रकम गाउँपालिकाको सम्पूरक कोषबाट व्यवस्थापन गर्ने नि गरियो ।

निर्णय नं. १७ :-

मुस्ताङ जिल्ला अस्पतालमा रहेको फार्मेसीमा करारमा कार्यरत फारमेसी सहायक (पाँचौं तह) दिपक खत्रीलाई स्थानीय तहको पाँचौं तहको कर्मचारीले पाउने मासिक तलब स्केल बराबरको सुविधा (बढेको तलब स्केल बमोजिम) उपलब्ध गराउने निर्णय गरियो । साथै यस कार्याल करारमा कार्यरत श्री सविना थकालीको सन्दर्भमा हाल जोमसोम मुकाम रहेका मलेप टोले प्रतिवेदनको आधारमा गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ :-

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७७ मा तपसिल बमोजिम थप निर्णय गरियो ।

६(क) ठाउँसारी सम्बन्धी व्यवस्था :-

अन्यत्र निकायमा दर्ता भएका "घ" वर्गको निर्माण व्यवसायीले यस घरपझोङ गाउँपालिक ठाउँ सारी गर्न चाहेमा दर्ता भएको निकायबाट सिफारिस गरिएको पत्रसाथ निर्माण व्यवस दर्ताको सक्कल/छायाप्रति फाईल संलग्न राखी निवेदन पेश गरेमा तोकिएको शुल्क लिई सारी गर्न सकिने छ ।

निर्णय नं. १९ :-

यस कार्यालयको विगतका आ.ब.हरुको मलेप प्रतिवेदनहरुमा औल्याएका विकास निर्माणका योजनाहरुको बेरुजु सम्परीक्षणको लागि स्थलगत अध्ययन एवंम् निरीक्षण गरी प्रतिवेदन स्वीकृत गर्ने अख्तियारी हाल कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

निर्णय नं. २० :-

यस घरपझोङ गाउँपालिकाको स्वास्थ्य शाखामा रिक्त रहेको स्टाफ नर्स पद (क.न/ज.न. सहायक पाँचौं तह) स्थायी पदपूर्ति नहुन्जेल सम्मका लागि करारमा पदपूर्ति गर्ने प्रक्रिया अघी बढाई करार नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ :-

गाउँसभाको निर्णय अनुसार चालु आ.ब. देखि लागु हुने लक्षित समूहको निशुल्क स्वास्थ्य बीमा सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल :-

यस गाउँपालिकाको आ.व. ०७९।८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्वास्थ्य बीमा कार्यक्रम तर्फ यस गाउँपालिका भित्रका स्थायी ठेगाना भई स्थायी रुपमा गाउँपालिका भित्र बसोबास गर्ने नेपाल सरकारले राजपत्रमा प्रकाशन गरेको दलित जातीय अनुसूचीमा उल्लेखित जातिका परिवार (एक परिवार बराबर ५ जना सम्म), यस गाउँपालिकाले प्रदान गरेको अपाङ्गता परिचय पत्र (अति अशक्त अपाङ्गता (ख), मध्यम अपाङ्गता (ग) र सामान्य अपाङ्गता (घ)) प्राप्त अपाङ्गता भएका व्यक्ति र तपसिलमा उल्लेखित सूचकको आधारमा वडा कार्यालयले सिफारिश गरी गाउँ कार्यपालिकाले निर्णय गरेका विपन्न भएका परिवार (एक परिवार बराबर ५ जना सम्म) लाई स्वास्थ्य बीमा गर्ने निर्णय गरियो ।

विपन्न परिवार छनौट गर्ने आधारहरु:

| सूचक | अंक १ | अंक २ | अंक ३ | प्राप्तांक |
|---|---|---|---|---|
| आवास (घर) | पक्की घर | अर्धपक्की | कच्ची घर वा घर नभएको | |
| जग्गा | खेतबारी दुबै भएको | खेत वा बारी मात्र भएको | केही नभएको | |
| रोजगारी | मासिक तलब पाउने नोकरी वा स्वरोजगारी | ज्यालादारी मजदूरी वा निर्वाहमुखी व्यवसाय | बेरोजगार वा आंशिक ज्यालादारी | |
| शिक्षा आर्जन (सन्ततिको) | निजी बिध्यालय | सरकारी विद्यालय / निसन्तान | गरीबी वा अन्य कारण बिचैमा पढाई छुटाउनु परेको | |
| स्वास्थ्य उपचार | निजी क्लिनिक वा अस्पतालमा जान सक्ने | सरकारी स्वास्थ्य केन्द्र जाने | गरिवीका कारण उपचार गर्न नसकिएको | |
| खानेपानी | निजी धाराबाट व्यवस्थित आपूर्ति | सार्वजनिक वा सामुदायिक धाराबाट | खानेपानीको समस्या | |
| शौचालय | निजी व्यवस्थित | सामान्य व्यवस्थापन | शौचालय नभएको | |
| परिवार सख्या | ५ जना सम्म | ६ देखि ९ जना सम्म | १० जना भन्दा बढी | |
| घरमुली | रोजगारी-पुरुष | बेरोजगारी-पुरुष | बेरोजगारी-महिला | |



...गाउँपालिका
कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| पशुपालन | गाई /वा सो भन्दा बढि ३-खासी बाखावा सो भन्दा १०-बढि | गाई-५खसी बाखा /१-९ | कुनै नभएको | |
| कुल प्राप्तांक | | | | |

विपन्न परिवार वर्गीकरणका आधारहरुः

१. विपन्न परिवारको प्राप्ताङ्क ( २१ वा सो भन्दा माथि)

२. मध्यम परिवारको प्राप्ताङ्क ( ११ देखि २० सम्म )

३. सामान्य परिवारको लागि प्राप्ताङ्क (१० वा सो भन्दा कम)

निर्णय नं. २२ :-

कोभिड-१९ को संक्रमणको नियन्त्रणको लागि लक्षण देखिएको व्यक्तिहरुको कोभिड-१९ को परीक्षण संक्रमितहरुको लागि आवश्यक औषधी र अक्सीजन व्यवस्थापन, परीक्षण किट खरिद, आईसोलेसन कक्ष व्यवस्थापन, कन्ट्याक ट्रेसिङ, होम आईसोलेसनमा बसेका संक्रमितको नियमित अनुगमन गर्ने कार्यको लागि स्वास्थ्य कर्मचारीहरु फिल्डमा खटिएको समयको दैनिक भ्रमण लगायत आतेजाते खाना तथा खाजा खर्च साथै कोभिड-१९ व्यवस्थापनको लाथि तुरन्तै खरिद गर्नु पर्ने स्वास्थ सामाग्रीहरु प्रचलित कानून बमोजिम कार्यालयले खरिद गर्न र लगतै बस्ने गाउँ कार्यपालिकाव बैठकमा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो । साथै कोभिड-१९ सम्बन्धी खर्चहरु कोभिड-१ व्यवस्थापनको लागि व्यवस्था भएको कोषबाट गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. २३ :-

यस कार्यालयबाट सञ्चालन भएको एम्बुलेन्सको आम्दानी तथा खर्च व्यवस्थापनको लागि नेपाल बै लिमिटेड, जोमसोम शाखामा **एम्बुलेन्स सञ्चालन खाता** खोल्ने र उक्त बैंक खाता प्रमुख प्रशासकी अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतबाट संचालन गर्ने निर्णय गरियो

निर्णय नं. २४ :-

यस गाउँपालिका अन्तर्गत मार्फा स्वास्थ्य चौकीमा सञ्चालन भएको प्रयोगशालाबाट प्रदान सेवाको सेवा शुल्क मुस्ताङ जिल्ला अस्पतालले तोकेको दररेटमा ५०% छुट हुने गरी तोक्ने र संकलन भएको सेवा शुल्क सम्बन्धित क्षेत्रमा खर्च गर्ने सम्बन्धी निर्णय मार्फा स्वास्थ्य चौ व्यवस्थापन समितिले गर्ने र सोको जानकारी यस कार्यालयलाई दिने ।

गाउँ कार्यपालिका
जोमसोम,
गण्डकी प्रदेश,